# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुन २० गते ०८ साल

## भाग ४

## खाद्य भूमिव्यवस्थामन्त्रालयबाट प्रकाश भएको विज्ञप्ति

अड्डाअड्डाबाट जग्गाको तिरो असूल गर्नेमा श्री ५ सरकार गुठीमा ३ खण्ड जिन्सी र १ खण्डको धान मोरू १ को ।३।२ ले नगदी लिने श्री ३ सरकार गुठीमा आधि जिन्सी र आधीलाई धान मोरू १ को ।१।७ ले नगदी लिने मछिन्द्र गुठीमा खर्चलाई चाहिनेजति जिन्सी अरू बाँकीलाई धान ।२।४ ले नगदी लिने सदर ४ मालमा २ पल्टन खारेजी र समरजङ्ग खांगी ८१ सालको अफिसर खारिजी औ ११२ सालको खांगी खारेजी इत्यादिमा जिन्सी नै र अरूमा धान ।५ ले नगदी लिने भई आएकोबाट एकै किसिमको जग्गालाई पनि पृथक् पृथक् भाउ घटी बढीका हिसाबले नगदी जिन्सी तिर्नुपर्ने भएबाट मोही रैतीलाई असुविधा भइरहेको बेहोरा मन्त्रिमण्डलमा छलफल हुँदा आधिसम्म जिन्सी लिने गर्दा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

२०८

श्री५ सरकार गुठीतर्फ पाकशालाकोर खानालाई चाहिने चामल खरीद गर्नुपर्ने भई एक वर्षलाई मोरु एकलाख १० दशहजार चान्चुन सरकारलाई नोक्सानी पर्ने हुनआए तापनि जनताको सुविधाको लागि सो नोक्सानी सर्वरकमबाट गुठीमा भर्ना दिने गरी सो गुठीहरुमा र सदर मालमा समेत साबिकदेखि जिन्सी धान चामल तिर्नुपर्ने मोही रैतीसँग सवालका म्यादभित्र बुझाउनेजतिलाई आधि जिन्सी, आधिको नगदी लिने र सो आधि नगदीमा पनि सदर ४ माललाई भइरहेको सवालबमोजिमको भाउले र श्री ५।३ गुठी मछिन्द्र गुठीसमेतमा धान ।३।२ तीन पाथी दुइमानाको मोरु ।१ एकका भाउले नगदी र चामल तिर्नेलाई पनि आधिको त्यसैका दामासाहीले नगदी लिने र सो जिन्सीतर्फको साबिक बक्यौतालाई यो ८ साल चैत्र मसान्तसम्ममा बुझाउनेलाई लेखिएकै भाउले जम्मै जिन्सीको नगदी लिने, म्याद नघाई बुझाउनेलाई साबिक बक्यौताको आधि जिन्सी आधि नगदी र हालका लगतकोमा साबिकबमोजिम जिन्सी र नगदीतर्फ माथि लेखिएको हालका भाउले नगदी लिने भन्ने यो २००८ सालको निमित्त निर्णय भएकोले यो विज्ञप्तिद्वारा यस सम्बन्धित सरकारी अड्डाहरु र तिरोभरो गर्नेलाई समेत सूचना गरिएको छ।

सेक्रेटरी खा.भू. मन्त्रालय.

## भूलसुधार

०८ साल फागुन्न ६ गतेको गजेट संख्या २८ मा खाद्य तथा भूमिव्यवस्थामन्त्रालयको सूचनामा—खोर्सानी रू १ (एक) प्रति मन र गाँजा रू ५ प्रति सेर—हुनुपर्नेमा भूलले खोर्सानी रू १।। (डेढ) प्रतिमन र गाँजा रू ५ (पाँच) प्रतिमन हुन गएकोले सच्याउने काम भएको छ।

---

**गोरखापत्र छापाखानाबाट प्रकाशित**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।